Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

**Ref No.: HCL-MF/2082-83/063**

मिति : २०८२/०५/१८

श्री नेपाल स्टक एक्सचेञ्च लिमिटेड,
सिहंदरबार प्लाजा काठमाडौं ।

विषय : **"हिमालयन ८०-२० " योजनाको इकाईधनीहरुको दर्ता किताब बन्द सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा हिमालयन क्यापिटल लिमिटेडले योजना व्यवस्थापकको रुपमा हिमालयन म्युचुअल फण्ड अन्तर्गत संचालित "हिमालयन ८०-२०" को इकाईधनीहरुलाई योजनाको आर्थिक वर्ष २०८१/८२ को प्रतिफलबाट कर सहित १६.१६ प्रतिशतका दरले हुन आउने नगद लाभांश वितरण गर्ने निर्णय भए अनुसार सो प्रयोजनार्थ यही मिति **२०८२ भाद्र २७ गते शुक्रबार** १ (एक) दिन इकाईधनीहरुको दर्ता किताब बन्द रहने ब्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछौं ।

साथै, सम्बन्धित सबैको जानकारीका लागि मिति २०८२/०५/१९ गते बिहिबार **आर्थिक अभियान राष्ट्रिय दैनिकमा** प्रकाशित गर्न लागिएको सूचनाको प्रतिलिपि तहाँको जानकारी तथा अभिलेखका लागि यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय,

.................................
राम प्रसाद भट्टराई
प्रमुख संचालन अधिकृत

हिमालयन क्यापिटल लिमिटेड काठमाडौं

हिमालयन म्युचुअल फण्ड काठमाडौं
Himalayan 80-20

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

**हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको**

**HIMALAYAN MUTUAL FUND** **हिमालयन म्युचुअल फण्ड**

**अन्तर्गत संचालित**

# हिमालयन ८०-२० (HIMALAYAN 80-20)

**को**

# इकाईधनी दर्ता किताब बन्द हुने बारेमा सूचना

हिमालयन बैंक लिमिटेड कोष प्रवर्द्धक तथा हिमालयन क्यापिटल लिमिटेड योजना व्यवस्थापक रही संचालनमा रहेको हिमालयन ८०-२० (HIMALAYAN 80-20) ले आर्थिक वर्ष २०८१/८२ को लेखापरिक्षणको कार्य सम्पन्न भई आर्थिक वर्ष २०८१/८२ को लागि कर सहित १६.१६ प्रतिशत नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराउँदछौ । उक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८२/०५/२७ गते एक दिन योजनाको ईकाइधनी दर्ता किताव बन्द हुने व्यहोरा सवैको जानकारीको लागि सूचित गरिन्छ ।

तोकिएको दर्ता किताब वन्द हुने मिति भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेञ्च लिमिटेड (नेप्से) को प्रणालीमा कारोवार भई प्रचलित कानून वमोजिम तोकिएको समयावधि भित्र रितपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र नगद प्रतिफलको लागि योग्य हुने हुँदा सम्वन्धित सबै इकाईधनीहरु तथा खरिदकर्ताहरुले सोहि अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

साथै, प्रतिफल रकम योग्य इकाईधनीहरुको वैंक खातामा रकमान्तर गरि भुक्तानी गरिने हुँदा सम्बन्धित सवैलाई आफ्नो निक्षेप सदस्यकोमा सम्पर्क गरि आफ्नो हितग्राही खातामा वैंक विवरण (Bank Details) अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

**पुनश्च** : योजनाको इकाई धितोमा राख्नु भएका योग्य इकाईधनी महानुभावहरुले प्रतिफल प्राप्त गर्न अनिवार्य रुपमा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र पेश गर्नु पर्नेछ । उक्त स्वीकृति पत्र सम्बन्धित वैंक/वित्तीय संस्था मार्फत इमेल ठेगाना rta@himalayancapital.com मा पठाउन सकिनेछ ।


**कोष प्रवर्द्धक:**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

पो.ब.नं. २०५९०, कमलादी, काठमाडौ, फोनः ०१-४२२७७४९, ०१-४२४६२१९
इमेलः himal@himalayanbank.com, वेवसाइटः www.himalayanbank.com

**योजना व्यवस्थापक:**

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोनः ०१-५९७०६७५
इमेलः info@himalayancapital.com, वेवसाइटः www.himalayancapital.com



मिति २०८२ भाद्र १९ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने